नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
कर प्रणाली सुधार शाखा

४४१५८०२
फोन नं. ४४१५८०३
४४१९७१९
४४१४५६४

फ्याक्स नं.: ४४११७८८
Website: www.ird.gov.np
लाजिम्पाट काठमाडौं,

**प.सं.** :२०७८/०७९

च.नं.

मिति २०७८/०५/०८

श्री ठूला करदाता कार्यालय
श्री मध्यमस्तरीय करदाता कार्यालय
श्री आन्तरिक राजस्व कार्यालय, सबै
श्री करदाता सेवा कार्यालय, सबै

**विषयः डे ०३ आय विवरण पेश गर्ने सम्बन्धमा**

आयकर ऐन २०५८ को दफा ९६ बमोजिम डे ०३ ढाँचामा आय विवरण पेश गर्ने करदाताहरुले पेश गर्दै आएका अनुसूची १, अनुसूची २ र अनुसूची १० मा देहाय बमोजिम हुने गरी परिमार्जन गर्न मिति २०७८/०२/०३ र मिति २०७८/०३/३१ मा निर्णय भएको हुँदा सो बमोजिम प्रणालीगत सुधार गरी लागू गरिएको छ। यस विषयमा देहाय बमोजिमको प्रक्रियाहरु निर्धारण गरिएको हुँदा सो बमोजिम कार्यान्वयन गर्न गराउन सम्बन्धित करदाता र कार्यालयहरुमा अनुरोध छः

**आय विवरण पेश गर्ने र अनुसूची १० तयार गर्ने प्रक्रियाहरुः**

१ विभागको प्रणालीमा आय विवरण Submit गर्नु अगावै करदाताले अनुसूची १० तयार गर्नु पर्नेछ। अनुसूची १० मा विभिन्न समयमा दाखिला गरेका आयकर रकमहरु राजस्व व्यवस्थापन प्रणाली (RMIS) र राजस्व लेखा प्रणाली (RAS) सँग भिडान गरी भिडान भएका भौचरहरु मात्र समावेश हुने प्रणाली विकास गरिएको हुंदा करदाताले कर दाखिला गर्दा वा अग्रीम कर कट्टी रकम दाखिला गर्दा भौचरमा फरक नपर्ने गरी स्थायी लेखा नम्बर, आय वर्ष, राजस्व शीर्षक र कार्यालय कोड उल्लेख गरी दाखिला गर्ने र गराउने।

२ अनुसूची १० तयार गर्न Taxpayer Portal मा रहेको Preparation of Annex 10 भन्ने मेनुलाई Run गर्ने। अनुसूची १० मा अग्रीमरुपमा दाखिला गरेका रकम, मिलान गर्न पाइने TDS रकम र गत विगत वर्षमा बढी दाखिला भई यस वर्ष सार्नु पर्ने कुनै क्रेडिट रकम भए सो रकमहरु समावेश भए नभएको सम्पुष्टि गर्ने। अनसूची १० समावेश हुन नपर्ने रकम भुलवस समावेश भएको रहेछ भने सो रकमलाई हटाउने। यदि समावेश हुनु पर्ने कुनै रकम समावेश भएको नपाइएमा समावेश गर्न सम्बन्धित कार्यालयमा सम्पर्क गरी आवश्यक प्रक्रिया शुरु गरी समावेश गरी अनुसूची १० Update गर्ने।

३ Withholding Agents ले ऐनको परिच्छेद १६ बमोजिम कर कट्टी गरी eTDS Return पेश गरी Verify भएको भए सो Verified Voucher हरुमध्ये कानून बमोजिम मिलान गर्न पाइने रकमहरु अनुसूची १० मा समावेश हुनेछ। यदि कुनै Withholding Agents ले परिच्छेद १६ बमोजिम कर कट्टी गरेको तर eTDS Return पेश नगरेको वा पेश गरे पनि Verify नगरेको अवस्थामा सो रकम करदाताको अनुसूची १० मा समावेश नहुने भएकाले उक्त रकमको eTDS Return पेश गरी Verify गराउनु पर्ने। eTDS Return पेश गर्दा भुक्तानी रकम, कर कट्टी रकम र सम्बन्धित आय वर्ष भित्र पर्ने गरी अवधि उल्लेख गर्नु पर्ने। यदि eTDS Return पेश गर्दा आय वर्ष फरक परेमा उक्त रकम सो आय वर्षको अनुसूची १० मा समावेश नहुने।

४ संशोधित कर निर्धारण गर्दाका बखत आगामी आय वर्षमा मिलान गर्ने गरी कायम भएको बढी दाखिला रकम भएमा सो रकमलाई अनुसूची १० मा समावेश गर्न सम्बन्धित कर अधिकृतले एकीकृत कर प्रणालीमा रहेको Credit Transfer भन्ने मेनुमा गई Transfer of Credit प्रविष्टि गरिदिने। कर परीक्षण नभएका करदाताको विगत वर्षको बढी दाखिला भएको रकमलाई यस वर्ष सार्नु (Bring Forward) परेमा सम्बन्धित कर अधिकृतले कर दाखिलाको विषयमा छानविन गरी Credit Transfer गरी दिनु पर्ने आधार र कारण

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
कर प्रणाली सुधार शाखा

४४१५८०२
फोन नं. ४४१५८०३
४४१९७१९
४४१४५६४

फ्याक्स नं.: ४४११७८८
Website: www.ird.gov.np
लाजिम्पाट काठमाडौं,


प.सं. :२०७८/०७९

च.नं.

भएमा सो सम्बन्धी निर्णय गरी Credit Transfer भन्ने मेनुमा गई Transfer of Credit प्रविष्टि गरिदिने। यसरी कर अधिकृतले Transfer of Credit प्रविष्टि गरेपछि उक्त रकम अनुसूची १० मा समावेश हुनेछ।

५ आय विवरण पेश गर्दा अनुसूची १० मा बढी दाखिला भएको देखिएमा सो रकम आगामी आय वर्षको अनुसूची १० मा स्वतः देखिने व्यवस्था गरिएको छ।

६ व्यवसायबाट आय भएमा साविक जस्तै अनुसूची ५, रोजगारीबाट आय भएमा अनुसूची ६ र लगानीबाट आय भएमा अनुसूची ७ तयार गर्ने।यी अनुसूचीहरुको आधारमा प्राकृतिक व्यक्ति भए अनुसूची १ र निकाय भए अनुसूची २ स्वचालितरुपमा तयार हुनेछ। अनुसूची १ र अनुसूची २ मा आय विवरण तयार गरेको मितिसम्ममा ऐनको दफा ११७ को उपदफा (१) र दफा ११८ बमोजिम कुनै शुल्क लाग्ने भए सो समेत समावेश गरी कर दायित्व गणना हुनेछ।सो मितिमा करदाताले थप कर दाखिला गर्न पर्ने भए कति रकम दाखिला गर्नु पर्ने हो आय विवरणको अनुसूची १ वा अनुसूची २ मा देखिनेछ।यदि कर रकम नपुग भएको अवस्था देखिएमा कर दाखिला गर्न कर प्रणालीबाट भौचर तयार गरी दाखिला गर्न सकिनेछ ।यसरी दाखिला भएको रकमलाई अनुसूची १० मा समावेश गर्न पूनः अनुसूची १० Update गर्ने। अनुसूची १० तयार भए पछि आय विवरण तयार गरी Submit गर्ने र Verify गर्ने।

७ आय विवरण पेश गर्ने अन्तिम समयमा प्रणालीमा अत्यधिक चाप पर्ने भएकाले डे ०३ ढाँचामा आय विवरण पेश गर्ने सबै करदाताहरुले माथि उल्लेख भएका प्रक्रिया बमोजिम आय वर्ष २०७७/७८ को अनुसूची १० अविलम्ब तयार गर्ने।यदि eTDS verify नभएको वा गत वर्षको Credit Transfer नभएको वा अन्य कुनै कारणले अनुसूची १० मा समावेश हुनु पर्ने रकम समावेश भएको नपाइएमा माथि उल्लेख भए बमोजिमको प्रक्रिया बमोजिम अद्यावधिक गर्नु र गराउनु हुन सबै करदाताहरुमा हार्दिक अनुरोध छ ।

८ माथि उल्लिखित प्रणालीगत सुधारले शुरुका दिनहरुमा करदाताहरुलाई केही प्राविधिक कठीनाइ वा असहजता सिर्जना हुन सक्ने भएकाले ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय र करदाता सेवा कार्यालयहरुले प्राथमिकताका साथ स्थानीय उद्योग वाणिज्य संघसंस्था, नेपाल चार्टर्ड एकाउण्टेण्ट संस्थाबाट सदस्यता लिएका लेखा परीक्षक तथा कर सहयोगी संघसंस्थाहरुसंग समन्वय गरी करदातालाई जागरुक एवम् क्षमतावान बनाउन पहल गर्ने।

**बोधार्थः**

१. विभागका सबै शाखा

महाराज कोइराला
निर्देशक